मिति : २०७७/०३/१६

# नागरिकता अधिकारका लागि नागरिक समाजको सञ्जालको विज्ञप्ति

२०७२ सालमा जारी भएको नेपालको संविधान पूर्ववर्ति संविधानहरुभन्दा नागरिकताको विषयमा प्रगतिशिल रहेको भए तापनि यो संविधान पूर्णरूपमा समानतामा आधारित छैन । संविधान जारी भएको करिब ५ वर्ष हुन लाग्दा समेत विद्यमान नेपाल नागरिकता ऐन, २०६३ मा संविधान अनुरूप आवश्यकता संशोधनहरु हुन सकेको छैन । तसर्थ, कानुनी संशोधनको अभावमा नेपालमा ठूलो संख्यामा संविधानत नेपाली नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरूसमेत नागरिकता प्राप्तीबाट वञ्चित भई राज्यविहीनताको अवस्थामा रहनु परेको छ । उपरोक्त सम्बन्धमा नयाँ संविधान अनुसार विद्यमान नेपाल नागरिकता ऐनमा समसामयिक संशोधन गर्नका लागि नेपाल नागरिकता ऐन संशोधन विधेयक, २०७५ प्रतिनिधि सभामा पेश भई प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधिन रहेको दुई वर्ष व्यतित भइसकेको छ । यस पृष्ठभूमिमा राज्य व्यवस्था तथा सुशासन समितिले मिति २०७७ आषाढ ७ गतेका दिन नेपाल नागरिकता ऐन संशोधन विधेयकको प्रतिवेदन बहुमतबाट पारित गरी मिति २०७७ आषाढ ९ गते प्रतिनिधि सभामा छलफलका लागि पेश समेत गरिसकेको अवस्था छ ।

राज्य व्यवस्था तथा सुशासन समितिद्वारा पारित गरेको उक्त नेपाल नागरिकता ऐन संशोधन गर्ने विधेयक सम्बन्धी प्रतिवेदनले नेपाल नागरिकता ऐनमा रहेका धेरै जसो समस्याहरुको सम्बोधन गर्न सफल भएको यस "नागरिकताको अधिकारका लागि नागरिक समाज सञ्जाल" को ठम्याई रहेको छ ।

## सकारात्मक प्रावधानहरू

- जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पुरा भए पछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने ।
- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने ।
- बाबु आमा पत्ता नलागेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्ने । यदि यस्तो व्यक्तिको बाबु वा आमा पत्ता लागेमा निजको प्राप्त गरेको नागरिकताका सम्बन्धमा (१) ऐन बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त हुने भएमा सोही बमोजिमको विवरण अद्यावधिक गरी निजको नागरिकता कायम गर्ने, (२) यस ऐन बमोजिम नेपालको अङ्गिकृत नागरिकता प्राप्त हुने भएमा निजको नागरिकतालाई अङ्गिकृत नागरिकतामा परिणत गर्ने, (३) ऐन बमोजिम नेपालको नागरिकता प्राप्त नहुने भएमा निजले पाएको नागरिकता रद्द गर्ने ।
- बाबु विदेशी भएको नेपाली आमाबाट जन्मेको व्यक्तिले अंङ्गिकृत नागरिकताको लागि आवेदन दिनको लागि "नेपालमा जन्म भएको" हुनुपर्ने प्रावधानलाई हटाइएको ।
- नेपाली महिलाले विदेशी पुरूषसँग वैवाहिक सम्बन्ध कायम गरेको खण्डमा नेपाली नागरिकताको लागि आवेदन दिनको लागि लगाईएको प्रतिवन्ध हटाइएको ।
- गैर आवसीय नेपाली नागरिकता प्रमाणपत्र पाउने व्यवस्था ।

- ✦ नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निजको आमाले गरेको स्वघोषणा, यदि निवेदन दिंदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भईसकेको वा होस ठेगानमा नरहेको अवस्थामा नागरिकता लिने व्यक्तिले गरेको स्वघोषणा संलग्न गर्न सक्ने व्यवस्था ।
- ✦ नेपालभित्र फेला परेको पितृत्व र मातृत्व ठेगान नभएको देहायको व्यक्तिको हकमा नागरिकताको आवेदनमा देहायका कागजातहरु पेश गर्नुपर्ने :
  - (१) बालमन्दिर, अनाथालय जस्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्थामा हुर्केको भए त्यस्तो संस्थाको सिफारिस र सोको आधारमा सम्बन्धित स्थानीय तहले गरेको सिफारिस,
  - (२) कानूनी संरक्षकद्वारा हुर्काइएको भए त्यस्तो संरक्षकले गरेको सनाखत सहित निजको नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहको सिफारिस,
  - (३) अन्य तरिकाले हुर्केको भए सम्बन्धित स्थानीय तहको सिफारिस ।
- ✦ परिवारका सदस्य(हरु)ले नागरिकताका लागि आवेदन गरेका व्यक्तिको सनाखत गर्नुपर्ने जिम्मेवारीको व्यवस्थाः यदि परिवारको सदस्यबाट सनाखत गर्न नसक्ने व्यहोराको जानकारी दिएको वा सनाखत गर्न इन्कार गरेको अवस्थामा समेत सम्बन्धित अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा नागरिकताको लागि निवेदन दिने व्यक्ति त्यस्तो परिवारको सदस्य रहेको कुरा कानूनी तथ्यबाट प्रमाणित भई यस ऐन बमोजिम नागरिकता पाउन योग्य देखिएमा निजलाई सोही परिवारको सदस्यको हैसियतमा नागरिकता दिनु पर्ने व्यवस्था ।
- ✦ कुनै पनि नागरिकले आफुलाई "अन्य" उल्लेखित गरी लैङ्गिक पहिचानको आधारमा नागरिकता लिन सक्ने व्यवस्था ।
- ✦ थर वा उपनाम उल्लेख गरी नागरिकता प्राप्त गर्न सकिने र जात उल्लेख भएको नागरिकता प्रमाणपत्रमा थर वा उपनाम उल्लेख गरी सच्याउन सकिने व्यवस्था गरेको ।

"नागरिकताको अधिकारका लागि नागरिक समाज सञ्जाल" राज्य व्यवस्था तथा सुशासन समितिले प्रस्ताव गरेको सकारात्मक प्रावधानहरूको हार्दिक स्वागत तथा समर्थन गर्दछौं ।

## हाम्रो सरोकारहरु

यद्यपि राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरी प्रतिनिधि सभामा प्रस्तुत नेपाल नागरिकता ऐन संशोधन विधेयक सम्बन्धी प्रतिवेदनमा निम्न लिखित सरोकारहरु रहेका छन् :

- ✦ नेपालको संविधानले नै नेपाली आमा र नेपाली बाबुबिच विभेदपूर्ण प्रावधानको व्यवस्था गरेकोले नेपाली आमाहरूले आफ्ना सन्तानलाई वंशजको आधारमा स्वतन्त्ररूपमा नागरिकता दिनसक्ने प्रावधान नभएको ।
- ✦ नेपाली महिलाले विदेशी पुरूषसँग वैवाहिक सम्बन्ध कायम गरेको खण्डमा त्यस्ता विदेशी पुरूषले वैवाहिक अङ्गिकृत नागरिकता लिन चाहेमा नेपाली महिलाले आफ्नो श्रीमानलाई नागरिकता दिनसक्ने प्रावधान नरहेको ।
- ✦ नेपाली पुरूषसँग विवाह गर्ने विदेशी महिलाले कानून बमोजिम नेपालको नागरिकता पाउनका लागि ७ वर्षको अवधि पर्खनु पर्ने र नेपालको नागरिकता नपाउँदासम्मको अवधिको लागि प्रदान गर्ने स्थायी आवासीय अनुमति पत्रप्राप्त गरेको व्यक्तिले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्र हित विपरीत कार्य गरेको ठहरेमा नेपाल सरकारले त्यस्तो व्यक्तिले प्राप्त गरेको स्थायी आवासीय अनुमतिपत्र रद्द गर्न सक्ने प्रावधानले आफ्नो देशको नागरिकता नलिएको वा निजको नेपाली नागरिकसँग विवाह भएकोले निजको पहिलेको देशले नागरिकता नदिने अवस्था रहेछ र नेपालमा पनि नागरिकता प्राप्त गर्न नसक्ने अवस्था भएमा राज्यविहीनताको सृजना गर्ने अवस्था रहेको ।

- विदेशी नागरिकसँग बैवाहिक सम्बन्ध कायम भएको नेपाली नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा नागरिकताको लागि आवेदन गर्दा अन्य विदेशी नागरिकता वा त्यस्तै प्रकारको राष्ट्रियता सम्बन्धी प्रमाणपत्र हासिल नगरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । यदि पहिले नै प्राप्त गरिसकेको रहेछ भने त्यस्तो नागरिकता वा त्यस्तै प्रकारको राष्ट्रियता सम्बन्धी प्रमाणपत्र परित्याग गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्थाले कतिपय अन्य देशहरूमा त्यसप्रकारको कागजपत्र उपलब्ध नहुने हुँदा नागरिकताको आवेदन दिन नसक्ने अवस्था हुन्छ । यसबाट नेपालको नागरिकताको लागि आवेदन दिनबाट वञ्चित भई राज्यविहीनता सृजना हुने अवस्था रहेको ।
- कुनै नागरिकले लिङ्गको महलमा "अन्य" उल्लेख गरि लैंङ्गिक पहिचान सहितको नागरिकता लिनको लागि नागरिकताको अभिलेखमा मान्यता प्राप्त चिकित्सकको सिफारिसको आधारमा तेस्रो लिङ्गीको लैङ्गिक पहिचान खुलाउनु पर्नेछ भन्ने व्यवस्थाले यौनिक अल्पसंख्यक व्यक्तिहरूलाई अनावश्यक प्रमाणको भार थप हुने, साथै यस्ता कार्यविधी मर्यादित नहुने र त्यस्ता व्यक्तिहरूको सम्मानमा आँच पुर्‍याउने हुन सक्छ । साथै कतिपय अवस्थामा शारीरिक रूपमा महिला वा पुरूषको लिङ्ग लिएर जन्मेको तर शारीरिक रूपमा जन्म भएको लिङ्ग भन्दा फरक लिङ्गी अनुभूति हुने, भावनात्मक रूपले फरक लिङ्गको व्यक्ति जो त्यस्ता चिकित्सकीय प्रकृयाबाट लिङ्ग परिवर्तन गर्न नचाहने वा नसक्ने व्यक्तिहरूले त्यसप्रकारको प्रमाण बुझाउन नसक्ने अवस्था रहेको ।
- स्वघोषणाको प्रावधान सकारात्मक भए तापनि त्यस्ता स्वघोषणा पछि गएर झुट्टा ठहर भएमा त्यस्ता स्वघोषणा गर्ने आमा वा त्यस्ता आमाका सन्तानले सजाय पाउने व्यवस्था रहेको र सजाय पाएमा निजको नागरिकता स्वतः रद्द हुने व्यवस्थाले राज्यविहीनता सृजना हुने अवस्था रहेको ।
- नागरिकताको लागि सिफारिस गरेको वा सनाखत गरेको वा नागरिकताको प्रमाणपत्र जारी गरेकोमा कुनै कुरा फरक पर्न गएको वा झुट्टा ठहरेमा नागरिकताको लागि सिफरिस गर्ने जनप्रतिनिधि, सनाखत गर्ने व्यक्ति वा नागरिकताको प्रमाणपत्र जारी गर्ने कर्मचारीहरूलाई सजायको व्यवस्था गरिएको छ । तर असल नियतले गरेको कार्यको बचाउको व्यवस्था नभएकोले सम्बन्धित व्यक्तिहरूले सजायको त्रासमा नागरिकता प्राप्तिको प्रक्रियामा आवश्यक सहयोग नगर्ने अवस्था सिर्जना भएको ।

## हाम्रा मागहरू

नेपालको संविधानले नागरिकता प्राप्त गर्ने हकबाट कुनै पनि नेपाली नागरिकलाई वञ्चित गरिने छैन भन्ने संवैधानिक हक प्रदान गरेको अवस्थामा समेत ठुलो मात्रामा नागरिकता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिहरु नागरिकताबाट वन्चित रहनुपर्ने मात्र होईन नेपालको संविधानले व्यवस्था गरेको शिक्षा, रोजगारी लगायतका मौलिक हकहरूबाट समेत वञ्चित रहनुपरेको अवस्था रहेको हुँदा हाम्रा मागहरु यस प्रकार रहेका छन् :

- नेपाल नागरिकता ऐन संशोधन विधेयक लामो समयदेखि पारित हुन नसकेको कारणले नेपालको संविधान अनुरूप नेपाली नागरिकता प्राप्त गर्न योग्य रहेका लाखौं व्यक्तिहरु समेत नागरिकता प्राप्त गर्नबाट वन्चित भई राज्यविहीन भएको अवस्था रहेको हुँदा नेपाल नागरिकता ऐन संशोधन विधेयक चाँडोभन्दा चाँडो पारित गरियोस् ।
- राज्य व्यवस्था तथा सुशासन समितिबाट बहुमतले पारित गरेको नेपाल नागरिकता ऐन संशोधन विधेयक सम्बन्धी प्रतिवेदनमा लैङ्गिक समानता, यौनिक अल्संख्यक, नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी नागरिक तथा स्थायी बसोबासको प्रयोजनको लागि भूमिहिन वर्गको दृष्टिकोणबाट अझ पनि माथि उल्लेखित कमि कमजोरीहरु रहेको हुँदा उक्त कमि कमजोरीहरूको पूर्णरूपले सम्बोधन गरि नेपाल नागरिकता ऐन संशोधन विधेयक पारित गरियोस् ।

- नागरिकताको अधिकारको हकमा नेपालको संविधानमा नेपाली महिला र नेपाली पुरूषविच भेदभावपूर्ण प्रावधानहरू रहेको हुँदा नेपाली महिला र नेपाली पुरूषविच समान नागरिकता अधिकारको सुनिश्चित गर्न अविलम्ब संविधान संशोधन प्रकृयाको थालनी गरियोस् ।
- नेपाल नागरिकता ऐन संशोधन विधेयक पारित भएपछि तत्काल कार्यान्वयनको सुनिश्चितताको लागि नेपाल नागरिकता ऐनमा हुने संशोधनहरू अनुरूपको नियमावली तथा निर्देशिका बनाउने लगायत अन्य प्रक्रियाको पनि शुरूआत गरी संशोधित नेपाल नागरिकता ऐनको तत्काल कार्यान्वयनको सुनिश्चितता गरियोस् ।

## आबद्ध संस्थाहरु

महिला, कानुन र विकास मञ्च **(FWLD)**

नागरिकताबाट प्रभावित व्यक्तिहरुको सञ्जाल नेपाल

स्त्री शक्ति **(S2)**

थर्ड एलिएन्स फर इक्विटी एण्ड जस्टिस

डब्लुएचआर **(WHR)**

साथी

मानव अधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल **(CAHURAST)**

एड्भोकेसी फोरम

डब्लुएफडीएम

विश्वास नेपाल

आरआरएन **(RRN)**

माइती नेपाल

नेपाल महिला एकता समाज **(NMES)**

आदिवासी महिला कानुनी सचेतना समूह **(INWOLAG)**

सर्च नेपाल

गृह श्रमिक सरोकार समाज नेपाल **(HBWCSN)**

शान्ति मालिका

मानव अधिकार संचार प्रतिष्ठान, नेपाल **(IHRICON)**

बेइजिङ्ग समीक्षाका लागि राष्ट्रिय सञ्जाल **(NNBN)**

चेतना अभिवृद्धि केन्द्र **(CAP-Nepal)**

शक्ति समूह

जागरण नेपाल

एट्विन

होमनेट साउथ एशिया

छोरी **(Chhori)**

सञ्चारिक समूह नेपाल

कानुनी सहयोग तथा परामर्श केन्द्र **(LACC)**

नेपाल अपाङ्ग महिला संघ

महिला जागरण तथा विकास केन्द्र **(CWAD)**

कम्युनिटी एक्सन सेन्टर-नेपाल **(CAC-Nepal)**

ब्लु डाइमण्ड सोसाइटी

वोमेन एक्ट

सामाजिक रुपान्तरणका लागि सञ्चार **(MMSD)**

सबाह नेपाल

मिडिया एड्भोकेसी ग्रुप **(MAG)**